१२औं गाउँसभा
मिति:- २०८१ असार १० गते
समय:- बिहान १०:०० बजे
स्थान:- हिमा गाउँपालिका

माथी उल्लेखित मिति, समय र स्थानमा १२औं गाउँसभाका सभाध्यक्ष श्री लक्ष्मण बहादुर शाहीज्यूको अध्यक्षता तथा प्रमुख अतिथि, विशेष अतिथि, गाउँसभा सदस्यज्यूहरु, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधी, पत्रकार, सुरक्षाकर्मी ज्यूहरुको गरिमामय उपस्थितिमा यहाँ गाउँसभा निम्न उपस्थितिमा सञ्चालन गरियो ।

उपस्थिति

श्री लक्ष्मण बहादुर शाही - सभाध्यक्ष
श्री स्वर्पना शाही - गा.पा. उपाध्यक्ष - सभासदस्य
श्री रतन बहादुर शाही - वडाअध्यक्ष - ״
श्री हरि बहादुर रोकाया - वडाअध्यक्ष - ״
श्री धनविर रोकाया - वडाअध्यक्ष - ״
श्री जगत रोकाया - ״ - ״
श्री काली शाही - ״ - ״
श्री उपराज अधिकारी - ״ - ״
श्री विक्रम बहादुर शाही - ״ - ״
श्री रिता रोकाया - गाउँसभा सदस्य
श्री राज भण्डारी - ״ ״
श्री कल्पना सार्की - ״ ״
श्री धनकारी शाही - ״ ״
श्री परिलाल वि.क. - ״ ״
श्री वीरे तिरुवा - वडा नं - १ - ״
श्री जगत आचार्य - ״ - १ - ״
श्री रिवन दमाई - ״ - १ - ״
श्री सर्नि बहादुर शाही - ״ - १ - ״
श्री राम बहादुर रावत - ״ - २ - ״
श्री पदम बहादुर रोकाया - ״ - २ - ״
श्री जार रोकाया - ״ - ३ - ״
श्री गोविन्द भण्डारी - ״ - ३ - ״
श्री रिउली सार्की - ״ - ३ -
श्री कृतण भण्डारी -

श्री जर्मी शाही - वडा नं. ४ - गाउँसभा सदस्य
श्री नरिमाने बुढा - ,, - ४ - ,, ,,
श्री कर्ण बहादुर बुढा - ,, - ४ - ,, ,,
श्री कुसुमकला कामी - ,, - ५ - ,, ,,
श्री पार्वती शाही - ,, - ५ - ,, ,,
श्री रानी रोकाया - ,, - ५ - ,, ,,
श्री लोकिन शाही - ,, - ५ - ,, ,,
श्री चक्र बहादुर शाही - ,, - ६ - ,, ,,
श्री टुमुरा दर्मे - ,, - ६ - ,, ,,
श्री मुन बहादुर कार्की - ,, - ६ - ,, ,,
श्री धनराज शाही - ,, - 6 - ,, ,,
श्री पर्वजीत शाही - ,, - 6 - ,, ,,
श्री जुनतारा शाही - ,, - 6 - ,, ,,
श्री शालित तिरुवा - ,, - 6 - ,, ,,
श्री रण बहादुर बुढा - प्र.प्र.अ. - सदस्य सचिव

आमन्त्रित

श्री
श्री जय बहादुर खत्री - ने.क.पा. एमाले पार्टी प्रतिनिधि
श्री नर बहादुर शाही - ने.का. पार्टी प्रतिनिधि
श्री जनक बहादुर अधिकारी - ने.क.पा. समाजवादी पार्टी
श्री रतन बहादुर शाही - ने.क.वि.पा. ,,
श्री गोग बहादुर शाही - शिक्षक प्रतिनिधि
श्री जयकृष्ण उपाध्याय - स्थानीय
श्री नेत्र बहादुर शाही - युवा प्रतिनिधि
श्री मुन बहादुर बुढा - ४ नं. वडा अध्यक्ष प्रवे
श्री नन्द बहादुर रुकवल - ५ ,, ,, ,, ,,
श्री बल बहादुर रावल - ६ ,, ,, वडा सदस्य ,,
श्री राम प्रसाद उपाध्याय - 6 ,,
- सभ्य नागरिक
श्री मुन रोकाया - ,, ,,
श्री दीत ~~रोकाया~~ बि. शाही -
श्री विश्वेश्वर ओली - राष्ट्रिय अनुसन्धान
श्री विनोद - स्थानीय
श्री मनोज अधिकारी - प्र.नी.नि
श्री राम प्रसाद चौलागाई - सम्वाददाता नेपाल टेलिभिजन
श्री रतन नेपाली

बाट प्रस्तुत गरिएको उक्त नीति कार्यक्रम स्वीकृत गरियो ।

**"विकासका सम्पूर्ण पुर्वाधारहरुको मूल आधार,**
**हिमा गाउँवासीको सुखि, खुसी र सम्वृद्धीको सपना पार्नुछ साकार"**

यस सभाका सभाअध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथीज्यू, गाउँसभा सदस्यज्यूहरु, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, पत्रकार, सरक्षाकर्मी तथा हिमा गाउँपालिकाको **वाहौं** गाउँसभाको निमन्त्रणालाई स्वीकार गरी सभामा उपस्थित हुनुहुने सम्पूर्ण महानुभाव, अतिथि लगायत समस्त हिमाबासी दाजुभाई दिदिबहिनीहरुलाई हिमा गाउँपालिका, जुम्ला र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

स्थानीय सरकार संचालन पछी जनप्रतिनिधिहरुको दोश्रो कार्यकालको पहिलो वर्ष संचालन भैरहेको यस गाउँपालिकाको **वाहौ गाँउसभामा** हिमा गाउँपालिकाको उपाध्यक्षको रुपमा विशेष उत्साहका साथ आगामी आर्थिक वर्ष ०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु। यस घडीमा लोकतान्त्रिक गणतन्त्र स्थापनाका लगायत देशको सामाजिक, राजनैतिक, आर्थिक तथा सांस्कृति परिवर्तनका लागि विभिन्न समयमा भएको आन्दोलनमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

**"समृद्ध नेपाल, सुखी नेपाली"** को मूल नारालाई पुरा गर्नका लागि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ती, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्ने उद्देश्य सहित नेपालको संविधान, २०७२ जारी भई स्थानीय तहको गठन तथा संचालन भएको र संघीयता कार्यान्वयनको चरणमा रहेको अवगत गराउन चाहन्छु । जनताका आधारभुत आवश्यकता पुरा गर्न विकासका योजनाहरु पहिचान एवं छनौट गर्दा नेपालको संविधान, राष्ट्रिय योजना आयोग, प्रदेश योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कर्णाली प्रदेश सरकार विषयगत मन्त्रालयहरुबाट प्राप्त मार्ग निर्देशन, विभिन्न नीति निर्देशिकाहरु, क्षेत्रगत नीतिहरु, रणनीति एवं कार्ययोजनाको अधिनमा रही नेपालको संविधानमा व्यवस्था भएको साझा तथा स्थानीय तहको एकल अधिकारको सूचि अनूरुप स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ र

स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेखित प्रक्रिया अवलम्बन गरी यस गाउँपालिका भित्र उपलब्ध श्रोत, साधन र क्षमता अनुसार बस्ती स्तरबाट छनौट तथा प्राथमिकिकरणमा परेका योजना तथा कार्यक्रमहरु यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित ठानेको छु ।

कर्णाली प्रदेशको दुर्गम जुम्ला जिल्लाका आठ वटा स्थानीय तहमध्ये हिमा गाउँपालिका विभिन्न जातिय विविधता, खस भाषाको उदगम स्थल लगायत विभिन्न भाषिक, साँस्कृतिक एवं प्राकृतिक र पर्यटकीय संभाव्यता सहित विकासको प्रचुर सम्भावना बोकेको स्थल हो । गाउँपालिकाको यस क्षेत्रमा भएका राजनैतिक दल एवं जिल्लाका व्यवस्थापिका सांसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने सांसद एवं मन्त्रीज्यूहरु लगायत समस्त राजनितिक नेतृत्वगणहरु, गाउँपालिका वासिन्दाको विकास कार्यमा हुने ऐक्यवद्धताले हामीलाई कार्य संचालनमा महत्वपूर्ण हौसला मिलेको व्यहोरा अवगत गराउन चाहन्छु । मुलुकको सार्वभौमिकता भौगोलिक अखण्डता राष्ट्रिय एकता स्वाधिनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र प्राप्तीको आन्दोलनको नेतृत्व गर्नुहुने आदरणिय अग्रज राजनितीज्ञहरु प्रति उच्च सम्मान ब्यक्त गर्दछु ।

विश्व आर्थिक मन्दीका कारण देश आक्रान्त भएको विषम् परिस्थितिमा हजारौं लाखौं श्रमिकहरुले आफ्नो जिविकोपार्जन र आय आर्जनका कार्यहरु संचालन गर्न नसकेको यो अवस्थामा बेरोजगारहरुलाई रोजगारीको श्रृजना गर्न यूवाशक्तिहरुलाई उत्पादनमा जोडन, स्वास्थ्य शिक्षा लगायत नागरिकका आधारभूत आवश्यकताहरु परिपूर्ति गर्नकालागि प्रस्तुत हुने नीति तथा कार्यक्रमले अधिकांस विषयलाई समेटने विश्वास लिएको छु ।

सभाध्यक्ष महोदय,

नेपालको संविधान २०७२, जारी भए पश्चात नेपाल संघीय गणतन्त्रात्मक राज्यको रुपमा परिचित भईरहेको बर्तमान अवस्थामा दश जिल्लाहरु समेटिएको यस प्रदेशको नामाकरण भई **"कर्णाली"** प्रदेश कायम भएको र प्रादेशीक राज्यको राजधानी सुर्खेत कायम भईसकेको अवस्थामा सो अनुरुप जुम्ला जिल्लाका विभिन्न आठ स्थानीय तहहरुमध्ये यस

हिमा गाउँपालिकाले पनि आफ्नो बिकास प्रक्रियालाई तिब्रता दिई आवश्यक भौतिक पूर्वाधारको विकास र विकासका सबै आयामहरुलाई समेटी जनतालाई रोजगारीको माध्यमबाट जीवनस्तर सुधार गर्ने र गरीवी निवारण गर्न आवश्यक पहल गर्नु पर्ने अवस्था टडकारो रुपमा देखिएको छ । गाउँपालिकामा प्राप्त हुने सबै प्रकारका अनुदान, आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत स्थानीय तहको कोषमा प्राप्त हुने सबै प्रकारका श्रोत तथा साधनलाई एकीकृत गरी गरिब, महिला, बालवालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पछाडी परेको वर्ग र समुदाय एवं क्षेत्रको समेत पहुँच, स्वामित्व र अपनत्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह र जनसहभागिता परिचालनबाट समावेशी तथा समानुपातिक विकास निर्माण कार्य अगाडी वढाउन हामी प्रतिबद्ध छौ । विकास प्रक्रिया जनमुखी, पारदर्शी, समतामूलक सहभागितामूलक, दिगो भरपर्दो र गुणस्तरीय बनाउन पर्याप्त सम्भावना र अवसर हुँदा हुँदै पनि आन्तरिक श्रोतको न्यून परिचालन हुनु, खेती योग्य जमीनमा कृषिको आधुनिकीकरण एवं व्यवसायीकरण हुन नसक्नु, बाँझो जग्गाको सदुपयोग गर्न नसक्नु, गैर सरकारी संघ संस्थाका कार्यक्रमलाई आवधिक योजनासंग तालमेल मिलाउदै कार्यान्वयन गर्न नसक्नु, समुदाय र वडाबाट माग गरिने योजना अत्याधिक हुनु उपभोक्ता समितिलाई यथार्थपरक ढंगले परिचालन गर्न नसक्नु, जलविद्युत एवं उर्जाको क्षमता कमजोर हुनुका साथै राष्ट्रिय विद्युत प्रसारण लाईन पालिका सम्म नजोडिनु, गुणस्तरीय शिक्षा तथा संचारको कमी, स्थानीय उत्पादनलाई अधिकतम उपयोग गर्न नसक्नु, तुलनात्मक लाभका वस्तुहरु पहिचान गरी उत्पादनलाई तिब्रता दिन नसक्नु र कर्मचारीहरुमा समेत व्यवसायिकताको क्षमता विकास हुन नसक्नु जस्ता समस्या एवं चुनौतिहरुले कतिपय विकासका प्रक्रियाहरु प्रभावकारी रुपमा सम्पादन हुन नसकेको यथार्थ हाम्रा सामु स्पष्ट रुपमा रहेको अबगत गराउन चाहन्छु ।

**सभाध्यक्ष महोदय तथा उपस्थित महानुभावज्यूहरु,**

**अब म गाउँपालिकाको समग्र [illegible]तिको बारेमा अवगत गराउन चाहन्छु ।**

१. सिमित स्रोत साधन र असिमित योजना मागका कारणले जनताका. सबै आवश्यकता पुरा गर्न नसकिएको वर्तमान परिवेशमा सकभर जनताका नितान्त जायज आवश्यकता पुरा गर्न तर्फ हामी अग्रसर हुनेछौ ।

२. हाम्रो गाउँपालिका मानब बिकास सुचाङ्ककमा कमजोर रहेको अवस्थामा बिकासलाई गति दिन हाम्रा सामु थुप्रै चुनौति रहेको कुरा अवगत गराउन चाहन्छु ।

३. चालु आ.व. मा छनौट भई संचालित योजनाहरु कार्यान्वयनको क्रमसा रहेका र उक्त योजनाहरु पूर्ण हुँदा गाउँपालिकाको सडक संजालको विकास, खानेपानी, सिचाई, जलविद्युत लगायत भौतिक पूर्वाधार र आर्थिक सामाजिक क्षेत्रमा उल्लेख्य प्रगती हुने अनुमान गरिएको छ ।

४. पालिकाको समृद्धिको लागि विभिन्न निकाय, संघ-संस्था र व्यक्तिहरु संग छलफल तथा सहकार्य गरी रायसुझाव लिई सकिएको छ ।

सभाध्यक्ष महोदय,

**अव म आ.ब. ०७९/०८० का लागि तय गरेका प्रमुख नीतिहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

१. **"विकासका सम्पूर्ण पुर्वाधारहरुको मूल आधार, हिमा गाउँवासीको सुखि खुसी र सम्वृद्धिको सपना पार्नुछ साकार"** भन्ने मुल नाराका साथ आ.ब.०७९/०८० को प्रमुख नीति बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

२. स्वस्थ जीवन सुखिजीवनको मूल मर्मलाई आत्मसाथ गर्दै वर्षमा न्यूनतम ४ पटक विशेषयज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।

३. हिमा आवाशिय विद्यालय स्थापना तथा सञ्चालनमा निरन्तरता दिदै गरिव, अनाथ तथा टुहुरा बालवालिका हरुलाई व्यवस्थीत रुपमा अध्यापन गर्ने व्यवस्था मिलाइनेछ ।

४. हिलो मुक्त गाउँ घोषणा अभियान अन्तरगत आर.सि.सि/पि.सि.सि. हुन बाँकी वडा/वस्तिहरुमा आर.सि.सि/पि.सि.सि. वाटो निर्माण गरिनेछ ।

५. प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यूवा, दलित, महिला तथा सिमान्तकृत वर्ग लाई प्राथमिकता दिइ रोजगारी प्रदान गरिनेछ ।

६. पर्यटन व्यवसाय विकासको एक आयम हो भन्ने तथ्य लाई आत्मसाथ गर्दै रुपीछडा झरनाको प्रचार प्रसार गरिनुका साथै वाजागाड देखि झरना सम्म पदमार्ग निर्माण गरिनेछ ।

७. टुक्रे योजनालाई निरुत्साहित गरी बढि भन्दा वढी जनसहभागीता जुट्ने स्थानीय श्रोत साधन परिचालन गर्न सकिने योजना छनौट गर्नुका साथै न्युनतम रु. ५ लाख भन्दा मुनिका योजना संचालनमा निरुत्साहित गर्ने नीति अवलम्वन गरिनेछ ।

८. यूवाहरुलाई वैदेशिक रोजगारिमा जानबाट निरुत्साहीत गर्न यूवा हरुलाई परम्परागत खेती, व्यवसायीक खेतीमा टेवा पुऱ्याउने कार्यक्रम सञ्चालन गर्ने नीति ल्याइनेछ ।

९. उज्यालो हिमा, सुन्दर हिमा कार्यक्रमलाई अगाडी वढाउन बाँकी रहेका वडाहरुमा विद्युत सेवा उपलब्ध गराउन ३ महिना भित्र हिमा माईक्रोहाईड्रो पावरको निर्माण कार्य पुरा गरी सञ्चालनमा ल्याइनेछ ।

१०. नयाँ सडक निर्माण कार्यलाई निरुत्साहित गरी निर्माण भएका कच्चि सडक लाई स्तर उन्नती गर्नका लागी संघीय सरकार, प्रदेश सरकार तथा गैरसरकारी संघ संस्थाहरुसंग समन्वय गरी स्तरोन्ती गर्न पहल गरिनेछ ।

११. परम्परागत खेती प्रणालीलाई संरक्षण र प्रवर्द्धन, गर्नका लागी स्थानीय कोदो, फापर, जुम्लीमार्सी धान, ढँटेलो जस्ता रैथाने वाली लगाउने कृषकहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. जडीवुटी खेती गर्ने कृषकहरुलाई प्रोत्साहित गर्न सरकारी तथा गैरसहकारी निकायहरुसंग समन्वय/सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. गुणस्तरिय, प्राविधिक तथा प्रतिस्प्रर्धी शिक्षाको नारा लाई आत्मसाथ गर्दै यस गाउँपालिकामा रहेका शिक्षण संस्थाहरुमा गुणस्तरीय शिक्षा प्रदान गर्न विषयगत शिक्षकहरुलाई शैक्षिक तालिम र गोष्ठि सञ्चालन गरिनुका साथै लोक सेवा, शिक्षा सेवा र अन्य आयोगबाट सिफारिस हुने विद्यार्थी हरुलाई पुरुस्कृत गरिनुका साथै चौमासिक रुपमा आधारभूत तथा माध्यामिक तहमा प्रतिस्प्रर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।

१४. मिति २०७९/०२/१५ गते गाउँपालिका अध्यक्षज्युको अध्यक्षतामा बसेको विद्यालयका प्रधानाध्यापक, शिक्षा अधिकृतको संयूक्त वैठकले गरेको निर्णयलाई कार्यन्वयनमा ल्याइनेछ ।

१५. यस गाउँपालिकामा गठन भई सञ्चालनमा आएका सक्रिय सहकारी संस्थाहरुलाई कार्य प्रगतिको आधारमा आवश्यक बजेटको व्यवस्था गरि प्रोत्साहित गरिनेछ ।

१६. एकल महिला तथा अपाङ्ग व्यक्तिहरुलाई आत्म निर्भर बनाउने उदेश्यका साथ सिप मुलक तालिमको व्यवस्था गरी जिविकोपार्जनमा सहजिकरण ल्याउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१७. जनताका आधारभुत आवश्यकता पुरा गर्न तथा विकास प्रक्रियालाई निरन्तरता दिन आन्तरिक श्रोतको दायरा फराकिलो गरी करको दायराभित्र समावेश हुन नसकेका पक्षहरुलाई करको दायरामा ल्याउने र आ.व. २०७६/०७७ को श्रावण १ गते देखि लागु भएको ***"एकिकृत सम्पत्ती कर"*** प्रणालीलाई निरन्तरता दिईनेछ ।

१८. *‘अर्गानीक वालि संरक्षण अभियान कार्यक्रम’* लाई निरन्तरता दिदै कृषि उत्पादनहरुमा विषादीको प्रयोगलाई निषेधित गरिनेछ ।

१९. भू-क्षयबाट जन, धन र जमिन बचाउन भू-संरक्षण कार्यक्रम लागू गरिनेछ ।

१३. गुणस्तरिय, प्राविधिक तथा प्रतिस्प्रर्धी शिक्षाको नारा लाई आत्मसाथ गर्दै यस गाउँपालिकामा रहेका शिक्षण संस्थाहरुमा गुणस्तरीय शिक्षा प्रदान गर्न विषयगत शिक्षकहरुलाई शैक्षिक तालिम र गोष्ठि सञ्चालन गरिनुका साथै लोक सेवा, शिक्षा सेवा र अन्य आयोगबाट सिफारिस हुने विद्यार्थी हरुलाई पुरुस्कृत गरिनुका साथै चौमासिक रुपमा आधारभूत तथा माध्यामिक तहमा प्रतिस्प्रर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।

१४. मिति २०७९/०२/१५ गते गाउँपालिका अध्यक्षज्युको अध्यक्षतामा बसेको विद्यालयका प्रधानाध्यापक, शिक्षा अधिकृतको संयूक्त वैठकले गरेको निर्णयलाई कार्यन्वयनमा ल्याइनेछ ।

१५. यस गाउँपालिकामा गठन भई सञ्चालनमा आएका सक्रिय सहकारी संस्थाहरुलाई कार्य प्रगतिको आधारमा आवश्यक बजेटको व्यवस्था गरि प्रोत्साहित गरिनेछ ।

१६. एकल महिला तथा अपाङ्ग व्यक्तिहरुलाई आत्म निर्भर बनाउने उदेश्यका साथ सिप मुलक तालिमको व्यवस्था गरी जिविकोपार्जनमा सहजिकरण ल्याउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१७. जनताका आधारभुत आवश्यकता पुरा गर्न तथा विकास प्रक्रियालाई निरन्तरता दिन आन्तरिक श्रोतको दायरा फराकिलो गरी करको दायराभित्र समावेश हुन नसकेका पक्षहरुलाई करको दायरामा ल्याउने र आ.व. २०७६/०७७ को श्रावण १ गते देखि लागु भएको *"एकिकृत सम्पत्ती कर"* प्रणालीलाई निरन्तरता दिईनेछ ।

१८. *'अर्गानीक वालि संरक्षण अभियान कार्यक्रम'* लाई निरन्तरता दिदै कृषि उत्पादनहरुमा विषादीको प्रयोगलाई निषेधित गरिनेछ ।

१९. भू-क्षयबाट जन, धन र जमिन बचाउन भू-संरक्षण कार्यक्रम लागू गरिनेछ ।

२०. जोखिममा रहेका वस्तीहरुलाई स्थानान्तरण गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी जोखिमयुक्त बस्तीहरु स्थानान्तरण गरिनेछ ।

२१. हिमा गाउँपालिकाबाट संचालन हुन नसक्ने वृहत आयोजनाहरुको छनौट गरी संघीय र प्रदेश सरकार सँग आयोजना सञ्चालनका लागि DPR तयार गर्न आवश्यक बजेटको व्यवस्था गरीनेछ।

२२. शुसासन तथा सूचनाको हकलाई प्रभावकारी बनाउन संचारका साधनहरुको अधिकतम प्रयोग गरी ३/३ महिनामा अनिवार्य प्रकाशन गर्नुपर्ने विवरणहरु सार्वजनिक गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन पत्रकार सम्मेलन, सार्वजनिक सुनुवाई, घुम्तीसेवा लगायतका कार्यहरु कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

२३. नागरिक सेवामा ईमान्दारीताकासाथ कार्य संचालन गर्न शिक्षक, निजामती, तथा अन्य कर्मचारीको मनोवल बृद्धिका लागी पुरुस्कृत गर्ने ब्यवस्था गरिनेछ ।

२४. कृषि, पशुपन्छी र महिला तथा बालबालिका शाखाका कार्यक्रमहरु थप सशक्तिकरण र कार्यान्वयन तथा सहजिककरणका लागि बजेटको व्यवस्था गरेको छु ।

२५. उत्पादित लघुजलविद्युत योजनाहरुको मर्मत संम्भार र संचालनको सम्पूर्ण जिम्मा गाउँपालिकाले गर्ने नीति अवलम्वन गरिनेछ ।

२६. घरेलु, महिला र बालहिंसा न्युनिकरणका लागि सरकारी तथा गैर सरकारी निकायहरुसंगको समन्वयमा तालिम/गोष्ठि सञ्चालन गरिनुको साथै हिंसा पिडीतका लागि पुर्नउत्थान कार्यक्रम संचालन गर्नका लागी रु, १० लाखको पुनर्उत्थान कोष स्थापना गरिनेछ ।

२७. फोहोर मैला व्यवस्थापन कार्यलाई न्युनिकरण गर्न वडा/टोल वस्तिहरुमा स्वास्थ्य तथा सरसफाइका कार्यक्रम सञ्चालन गर्ने निति अवलम्वन गरिनेछ ।

२८. बाल विवाह, बहुविवाह कार्यलाइ निरुत्साहित गर्न विद्यालय, वडा/टोल वस्तिहरुमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरि बालविवाह र बहुविवाह मुक्त गाउँपालिका घोषणा गर्न पहल गरिनेछ ।

२९. बाल विवाह र बहुविवाह गरेको भेटिएमा सम्वन्धित वडाले नियमानुसार दण्ड जरिवाना र पुरस्कारको व्यवस्था गर्ने र कानुन लाई उलंघन गरेमा वडा वा गाउँपालिकाबाट प्राप्त हुने जुनसुकै सरकारी सेवाबाट वञ्चित गराइने नीति अवलम्बन गरिनेछ ।

३०. उपलब्ध साधन, श्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गरी वेरोजगार यूवाहरुलाई उत्पादनसिल कार्यमा ज़ोडि शिघ्र आर्थिक पुनरुत्थान गर्दै विकासको गतिलाई निरन्तरता दिने ।

३१. श्रमको सम्मान गर्दै सामाजिक सुरक्षा र आदर्श श्रम सम्वन्धको माध्यमबाट श्रमको उत्पादकत्व अभिबृद्धि गर्दै तालिम संचालनकाको लागी ज्ञान केन्द्रको स्थापना गरी सवै गाउँपालिका वासीलाई काम र रोजगारीको अवसर सृजना गर्न, सीप मुलक तालिमहरु संचालन गरी रोजगारी श्रृजना गर्ने कार्यक्रम तय गरेको छु ।

३२. विकासका सवै आयामहरु शिक्षा, स्वास्थ्य, रोजगार कृषि, पशुपालन जस्ता विषयहरु समेटने गरी सन्तुलित बजेट विनियोजनका माध्यमबाट योजना छनौट गरि वजेट कार्यान्वयन गर्न वहुआयामिक विकास प्रक्रियालाई अगाडी वढाइने नीति अवलम्वन गरिनेछ ।

२७. फोहोर मैला व्यवस्थापन कार्यलाई न्युनिकरण गर्न वडा/टोल वस्तिहरुमा स्वास्थ्य तथा सरसफाइका कार्यक्रम सञ्चालन गर्ने निति अवलम्वन गरिनेछ ।

२८. बाल विवाह, बहुविवाह कार्यलाइ निरुत्साहित गर्न विद्यालय, वडा/टोल वस्तिहरुमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरि बालविवाह र बहुविवाह मुक्त गाउँपालिका घोषणा गर्न पहल गरिनेछ ।

२९. बाल विवाह र बहुविवाह गरेको भेटिएमा सम्वन्धित वडाले नियमानुसार दण्ड जरिवाना र पुरस्कारको व्यवस्था गर्ने र कानुन लाई उलंघन गरेमा वडा वा गाउँपालिकाबाट प्राप्त हुने जुनसुकै सरकारी सेवाबाट बञ्चित गराइने नीति अवलम्बन गरिनेछ ।

३०. उपलब्ध साधन, श्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गरी वेरोजगार यूवाहरुलाई उत्पादनसिल कार्यमा जोडि शिघ्र आर्थिक पुनरुत्थान गर्दै विकासको गतिलाई निरन्तरता दिने ।

३१. श्रमको सम्मान गर्दै सामाजिक सुरक्षा र आदर्श श्रम सम्वन्धको माध्यमबाट श्रमको उत्पादकत्व अभिबृद्धि गर्दै तालिम संचालनकाको लागी ज्ञान केन्द्रको स्थापना गरी सवै गाउँपालिका वासीलाई काम र रोजगारीको अवसर सृजना गर्न. सीप मुलक तालिमहरु संचालन गरी रोजगारी श्रृजना गर्ने कार्यक्रम तय गरेको छु ।

३२. विकासका सवै आयामहरु शिक्षा, स्वास्थ्य, रोजगार कृषि, पशुपालन जस्ता विषयहरु समेटने गरी सन्तुलित बजेट विनियोजनका माध्यमबाट योजना छनौट गरि बजेट कार्यान्वयन गर्न वहुआयामिक विकास प्रक्रियालाई अगाडी वढाइने नीति अवलम्वन गरिनेछ ।

२७. फोहोर मैला व्यवस्थापन कार्यलाई न्युनिकरण गर्न वडा/टोल वस्तिहरुमा स्वास्थ्य तथा सरसफाइका कार्यक्रम सञ्चालन गर्ने निति अवलम्वन गरिनेछ ।

२८. बाल विवाह, बहुविवाह कार्यलाइ निरुत्साहित गर्न विद्यालय, वडा/टोल वस्तिहरुमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरि बालविवाह र बहुविवाह मुक्त गाउँपालिका घोषणा गर्न पहल गरिनेछ ।

२९. बाल विवाह र बहुविवाह गरेको भेटिएमा सम्वन्धित वडाले नियमानुसार दण्ड जरिवाना र पुरस्कारको व्यवस्था गर्ने र कानुन लाई उलंघन गरेमा वडा वा गाउँपालिकाबाट प्राप्त हुने जुनसुकै सरकारी सेवाबाट वञ्चित गराइने नीति अवलम्बन गरिनेछ ।

३०. उपलब्ध साधन, श्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गरी वेरोजगार यूवाहरुलाई उत्पादनसिल कार्यमा जोडि शिघ्र आर्थिक पुनरुत्थान गर्दै विकासको गतिलाई निरन्तरता दिने ।

३१. श्रमको सम्मान गर्दै सामाजिक सुरक्षा र आदर्श श्रम सम्वन्धको माध्यमबाट श्रमको उत्पादकत्व अभिबृद्धि गर्दै तालिम संचालनकाको लागी ज्ञान केन्द्रको स्थापना गरी सवै गाउँपालिका वासीलाई काम र रोजगारीको अवसर सृजना गर्न, सीप मुलक तालिमहरु संचालन गरी रोजगारी श्रृजना गर्ने कार्यक्रम तय गरेको छु ।

३२. विकासका सवै आयामहरु शिक्षा, स्वास्थ्य, रोजगार कृषि, पशुपालन जस्ता विषयहरु समेटने गरी सन्तुलित बजेट विनियोजनका माध्यमबाट योजना छनौट गरि बजेट कार्यान्वयन गर्न वहुआयामिक विकास प्रक्रियालाई अगाडी वढाइने नीति अवलम्वन गरिनेछ ।

३३. सूचना तथा सञ्चार प्रविधिलाई सर्वसुलभ रुपमा उपलब्ध गराउन विद्यालय, स्वास्थ्य संस्था, प्रहरी चौकी लगायतका सरकारी कार्यालयहरुमा Internet सेवा तथा विद्युतिय हाजिरीको व्यबस्था गरिनेछ।

३४. हिमा गाउँपालिकाको आफ्नै स्थानीय एफ.एम. स्थापना गरी संचालन गरिनेछ ।

३५. Green River Green Road को आधार तयार गर्न पालिकाका नांङ्गा डाडाहरुमा ५० हजार वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।

३६. वडा नं. १ लाई धान पकेट क्षेत्र, आचार्यलिहिलाई तरकारी पकेटक्षेत्र, वडा नं. २ को ओदिलाई आलु र लसुन पकेट क्षेत्र, वडा नं. ३ लाई स्याउ ओखर र फलफुल पकेट क्षेत्र, वडा नं. ४ र ७ लाई गहु पेकेट क्षेत्र, वडा नं. ६ को पाथरखोलालाई मौरी पकेट क्षेत्र, वडा नं. ५ को बुअ, वाजागाडालाई, भेडा, सिमि, स्याउ पकेट क्षेत्र विकास गरी गरिवीको रेखामुनी रहेका वेरोजगार यूवालाई उत्पादनशिल कार्यक्रममा आवद्ध गर्न बजेटको व्यवस्था गरिनेछ ।

३७. महिला, दलित, फरक क्षमता भएका व्यक्ति तथा सामाजिक आर्थिक रुपमा पछाडी परेका व्यक्ति/समुदायमा आयआर्जनका कार्यक्रममा समेटन लधुउद्यम विकास कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

३८. नेपाल स्काउटको शाखा स्थापना गरी कार्य संचालन गरिनेछ।

३९. नेपाल नेत्रव्योती संघको शाखा स्थापना गरी हरेक छ महिनामा आँखा शिविर संचालन गरिनेछ।

४०. नेपाल रेडक्रस सोसाईटीको उपशाखा विस्तार गरिनेछ।

४१. प्राथमिक स्वास्थ्य केन्द्र कालिकाखेतुलाई एम्बुलेन्स खरिद गरी संचालनमा ल्याईनेछ।

४२. जेष्ठ नागरिक, सुत्केरी महिला अपाँङ्ग असहाय ब्यक्तीहरुलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ।

४३. भैरव आ.बि. जोगीवाडा र कालिका आ.बि.देवारगाउँलाई यसै आ.व.मा कार्यान्वयन हुने गरी अंग्रेजी माध्यमबाट पठनपाठन कार्य संचालन गरीनेछ, साथै अन्य सामुदायीक बिद्यालयहरुलाई क्रमशः निरन्तरता दिईनेछ।

४४. प्रत्येक माध्यामिक विद्यालयहरुमा एक विद्यालय एक नर्स कार्यक्रम संचालन गरिनेछ।

४५. वडा नं.६ का सम्पूर्ण बस्तीहरुमा वाईफाई जडान गरी नमुनाका लागी फ्री वाईफाई जोन घोषणा गरिनेछ।

४६. हिमा-२ ऋषिदेव र हिमा-७ मा सामुदायीक स्वास्थ्य केन्द्र स्थापना गरिनेछ।

४७. हरेक महिनाको अन्तीम शुक्रवार अध्यक्ष संग विद्यार्थी कार्यक्रम संचालन गरिनेछ।

४८. हिमा गाउपालिकाको वडा नं.१ को देवारगाउँ टापुमा स्तरीय रंगशालाको निर्माण गरिनेछ।

४९. गाउपालिकाका सम्पूर्ण मठ, मन्दीर, चर्च र प्राकृतिक सांस्कृतिक सम्पदाको पहिचानलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा ब्यापक प्रचार प्रसार गरी पर्यटकीयक्षेत्रका रुपमा विकास गरीनेछ।

५०. पालिका अन्तर्गत संचालनमा रहेका संपूर्ण बजारलाई ब्यबस्थित गरिनेछ।

५१. सुन्दर हिमा, सफा हिमा निर्माण गरिनेछ।

५२. प्रत्येक घरमा एक घर एक धारा एक घर एक शौचालय नीतिको अवलम्बन गरिनेछ।

५३. सुत्केरी महिलालाई उपाध्यक्ष कोसेली कार्यक्रम संचालन गरिनेछ।

५४. जनतासंग अध्यक्ष तथा अध्यक्षसंग रेडियो कार्यक्रम संचालन गरिनेछ।

५५. फलफुल नर्शरी धनिकालागी बेर्ना उत्पादन प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ।

५६. हिमा गाउँपालिकाको शान्ति सुरक्षा तथा अमनचयन कायम गर्न विशेष व्यबस्था गरिनेछ।

५७. विभिन्न क्षेत्रमा उल्लेखनिय कार्य गर्ने ब्यक्तीहरुलाई पुरस्कृत गर्नकालागी अक्ष्यकोष स्थापना गरिनेछ।

५८. हिमा गाउँपालिकाबाट लोक सेवा आयोग मार्फत अधिकृत वा सो भन्दा माथिका पद धारण गर्ने विशिष्ट ब्यक्तीहरुलाई विशेष सम्मान गरिनेछ।

५९. हिमा गाउँपालिकाका सम्पूर्ण बुद्धिजिवी, शिक्षक, कर्मचारी र राजनितिक प्रबुद्ध व्यक्तीहरुसंग विभिन्न विषयहरुमा राय, सल्लाह, सुझाव लिई कार्य संचालन गरिनेछ।

६०. आयुर्वेदिक उपचार पद्धतिलाई संस्थागत गरी थप प्रभावकारी बनाईनेछ।

६१. गाउँपालिका केन्द्रको टुंङ्गो लगाई सुविधा सम्पन्न अपांङ्गमैत्री भवन बनाई संचालनमा ल्याईनेछ।

६२. गरिव तथा जेहेन्दार विद्यार्थिहरुलाई उच्च शिक्षा अध्ययनका लागी विशेष छात्रबृति कार्यक्रम संचालन गरिनेछ।

६३. हिमा गाउँपालिका अन्तंर्गत रहेका संपूर्ण स्वास्थ्य संस्थाहरुमा अत्याधुनिक उपकरणहरुको व्यवस्था गरी पालिका बासीलाई स्तरीय स्वास्थ्य सेवा उपलब्ध गरिनेछ।

६४. शिक्षा नीति पारित भईसकेकाले उक्त नीति कार्यान्वयनमा ल्याईनेछ।

६५. प्र.अ.मिलान तथा विद्यालय समायोजनका लागी पहल गरिनेछ।

६६. लोक देउडा, लोक संस्कृति, परम्परागत सस्कृति जगेर्ना सास्कृतिक महोत्सवको आयोजना गरिनेछ। प्रत्येक छ/छ महिनामा पालिका स्तरीय तथा अन्तरपालिका स्तरीय खेलकुद गतिविधि संचालन गरिनेछ।

६७. एकघर एक भकारी एक गाउँ एक सहकारी स्थापना गरी संचालन गर्ने नीति अवलम्बन गरीनेछ।

६८. एकघर एक निशुल्क स्वास्थ विमा गर्ने नीति लागु गरिनेछ।

६९. प्राथमिक स्वास्थ्य केन्द्र कालिकाखेतुको स्तरोन्नती गरी १५ शैयाको उपचार सेवा संचालन गरिनुका साथै पालिकाको फार्मेसी संचालन गरिनेछ।

७०. कृषि क्षेत्रलाई प्राथमिकतामा राख्दै सिंचाईकुलो निर्माण तथा मर्मत कार्य संचालन गरिनेछ।

७१. मिति २०७९।२।१७ गतेका दिन गा.पा.अध्यक्षज्यू लगायतका जनप्रतिनिधिहरु र स्वास्थ्य कर्मीको उपस्थितिमा भएको १५ बुदे प्रतिबद्धता कार्यान्वयन ल्याईनेछ।

७२. स्थानिय पाठ्यक्रममा आधारीत पाठ्यपुस्तक तयार गरी आधारभुत तहमा पठन पाठन प्रकृयामा ल्याईनेछ।

७३. कार्यपालिकाले हाल सम्म गरेका सम्पूर्ण निर्णयहरु कार्यान्वयनमा ल्याईनेछ।

<u>उपस्थित महानुभावहरु,</u>

अब म चालु आ.व. ०७७/०७८ र ०७८।०७९ को असार ९ गते सम्मको यथार्थ खर्च र ०७९।०८०, ०८०।०८१ र ०८१।०८२ को बययको अनुमान यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।

गत आ.ब. र चालु आ.ब.को हाल सम्मको यथार्थ खर्च, आ.ब.०७९।०८०, ०८०।०८१ र ०८१।०८२का लागी प्रस्तावित बजेटको विवरण यस प्रकार छ।

रु. हजारमा

| क.सं. | बजेटका श्रोतहरु | आ.व.०७७।०७८ को यथार्थ | आ.व.०७८।०७९ को असार ९ गते सम्मको यथार्थ | आगामी तिन आ.ब.को प्रक्षेपण | | | तिन आ.ब.का जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७९।०८० | ०८०।०८१ | ०८१।०८२ | |
| १ | संघीय सरकार वित्तिय समानिकरण | ७९९७२ | ५८०६१ | ९४८०० | १०४२८० | ११४७०८ | ३१३७ |

| क.स. | बजेटका श्रोतहरु | आ.व.०७७।०७८ को यथार्थ | आ.व.०७८।०७९ को असार ९ गते सम्मको यथार्थ | आगामी तिन आ.व.को प्रक्षेपण | | | तिन आ.व.को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७९।०८० | ०८०।०८१ | ०८१।०८२ | |
| २ | संघीय सरकार सशर्त अनुदान | १५६१३६ | १०५४४४ | १५८५०० | १७४३५० | १९१७८५ | ५२४६३५ |
| ३ | संघीय सरकार राजश्व बाँडफाँड | ४१८९० | ८७१८२ | ६७४४५ | ७४१९० | ८१६०८ | २२३२४३ |
| ४ | संघीय सरकार विशेष अनुदान | २२८४९ | ० | २७७०० | ३०४७० | ३३५१७ | ९१६८७ |
| ५ | संघीय सरकार समपूरक अनुदान | ११४२५ | ० | ० | १३६०० | १४९६० | २८५६० |
| ६ | प्रदेश सरकार वित्तिय समानिकरण | ९५२० | ६२५६ | ९९४७ | १००६२ | ११०६८ | ३०२७७ |
| ७ | प्रदेश सरकार सशर्त अनुदान | १९०४१ | १७३० | २२५३० | २४७८३ | २७२६१ | ७०५७४ |
| ८ | प्रदेश सरकार राजश्व बाँडफाँड | १९०४ | ३०० | ३०० | ३३० | ३६३ | ९९३ |
| ९ | प्रदेश सरकार विशेष अनुदान | १५२३३ | १०५० | ५७१५ | ६२८७ | ६९१५ | १८९१७ |
| १० | प्रदेश सरकार समपुरक अनुदान | १९०४१ | १६९० | १००९८ | १११०८ | १२२१९ | ३३४२५ |
| ११ | गाउँपालिकाको आन्तरीक राजश्व | ३८०८ | ० | १८५० | २०३५ | २२३९ | ६१२४ |
| १३ | जम्मा | ३८०८१८.५ | २६१७१३ | ३९८०८५ | ४५१४९४ | ४९६६४३ | १३४६२२१ |

आगामी दिनमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका बाट हस्तान्तरण भई आउने कार्यक्रमहरु, प्रदेश सरकार एवं अन्य विषयगत मन्त्रालयहरुवाट हस्तान्तरण भई आउने कार्यक्रमहरु तथा विभिन्न गै.स.स. र दातृ निकायहरुवाट प्राप्त हने कार्यक्रमहरु वस्ती स्तरबाट प्राथमिकिकरण भई आएका र सभाले निर्णय गरेका कार्यक्रमहरुमा लगानी गरी कार्यान्वयनमा ल्याइने छ ।

अन्त्यमा, यस क्षेत्रको विकास निर्माण लगायत हरेक गतिविधिहरुमा सक्रियतासाथ सहभागी भई सहयोग गर्नुहुने गाउँसभा सदस्यज्यूहरु, सम्पूर्ण राजनीतिक दलहरु तथा दलका प्रतिनिधिज्यूहरु, विकास प्रेमी, समाजसेवी, सरकारी तथा गैर सरकारी निकायका प्रमुखज्यूहरु, शिक्षक, भद्र भलाधमीहरुमा प्रस्तुत नीति तथा कार्यक्रम तयारीका क्रममा राय सुझाव दिने विज्ञहरु, नागरिक समाज, संचारकर्मीहरु, कर्मचारी मित्रहरु आम किसा

बासी विकास प्रेमी सचेत नागरीक प्रति हार्दिक हार्दिक धन्यवाद दिदै आभार र कृतज्ञता प्रकट गर्दछु ।

यसै गरी यस क्षेत्रको समष्टिगत विकासका लागि सहयोग गर्नु हुने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, राष्ट्रिय योजना आयोग, नेपाल सरकारका विषयगत मन्त्रालयहरु, राजनैतिक दलहरु, दातृ निकायहरु, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरु, निजी क्षेत्र, समाजसेवी, बुद्धिजिवी, पत्रकार र सम्पूर्ण नागरिकहरुप्रति धन्यवाद दिदै विकासका हरेक अभियानमा निरन्तर सहयोगको अपेक्षा समेत गर्दै प्रस्तुत नीति तथा कार्यक्रमहरुको सफल कार्यान्वयनको लागि सबै पक्षको सहयोग र सहकार्य हुने अपेक्षा राखेकी छु ।

धन्यवाद

सुपर्ना शाही
उपाध्यक्ष
हिमा गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय
कालिकाखेत, जुम्ला

२०७९ असार, १०

निर्णय नं. २!- यसमा छलफल गर्दा मिति २०६९ असार १० गते, आ.व. ०६९/०७० को बजेट, नीति तथा कार्यक्रम सभाध्यक्ष, प्रमुख अतिथि, विशेष अतिथि, कार्यपालिका सदस्य, गाउँसभा सदस्य प्रत्येक राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि, पत्रकार तथा सभामा उपस्थित सरोकारवाला बीच उक्त आ.व. को नीति-कार्यक्रम को सुझाव संकलन गर्दै मिति २०६९ साल असार १२:०० ~~बजे~~ गते बिहान ११:०० बजे बन्दसत्र गर्ने घोषणा गर्दै सभाध्यक्ष को आदेशानुसार उद्घाटन सत्र समापन भयो।

हिमा गाउँपालिका
गाउँ कार्पालिकाको कार्यालय
कालिकाखेतु, जुम्ला
राजश्वबाँडफाडँ बजेटको विनियोजन
आर्थिक बर्ष २०७९।०८०

| शिर्षक नं | शिर्षकको नाम | बार्षिक बजेट रु | कैफियत |
|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | २३०००००० । | |
| २ | पारिश्रमिक पदाधिकारी | २०००००० । | |
| ३ | योगदानमा आधारित निवृतिभरण कोष | १०००००० । | |
| ४ | स्थानीय भत्ता | ५५००००० । | |
| ५ | महङ्गि भत्ता | ८००००० । | |
| ६ | अन्य भत्ता | ९००००० । | |
| ७ | पोशाक | १३००००० । | |
| ८ | पानी तथा विजुली | १००००० । | |
| ९ | सञ्चार महशुल | १०००००० । | |
| १० | ईन्टरनेट शुल्क नयाँ जडान सहित | १५००००० । | |
| ११ | घर भाडा | १२००००० । | |
| १२ | ईन्धन खर्च | २५००००० । | |
| १३ | मर्मत सम्भार खर्च | २०००००० । | |
| १४ | विमा नविकरण | ५००००० । | |
| १५ | कार्यालय सम्वन्धी खर्च (मसलन्द) | ४०००००० । | |
| १६ | निर्मित सार्वजनिक मर्मत सम्भार | ७००००० । | |
| १७ | अन्य सेवा शुल्क ( सेवा करार) | ७०००००० । | |
| १८ | कर्मचारी क्षमता विकास तालिम | ३००००० । | |
| १९ | कार्यक्रम खर्च | २००००० । | |
| २० | अनुगमन मुल्याङ्कन खर्च | ७००००० । | |
| २१ | सरुवा भ्रमण खर्च | ५००००० । | |
| २२ | भ्रमण खर्च | ३०००००० । | |
| २३ | विविध | ३०००००० । | |
| २४ | अन्य भाडा | १५०००० । | |
| २५ | कर्मचारी कल्याण कोष | ५००००० । | |
| २६ | मेशिनरी समान मर्मत | ७००००० । | |
| २७ | उपभोक्ता समितिलाई योजना सम्बन्धी गोष्ठी | २००००० । | |
| २८ | आकस्मिक खर्च | ५००००० । | |
| २९ | पत्र पत्रिका रेडियो सुचना संचार | २५००००० । | |
| ३० | गुरुयोजना निर्माण | ५००००० । | |
| ३१ | वस्तुगत विवरण निर्माण | ४००००० । | |
| ३२ | आई.पि.टी खरिद तथा तालिम | ४००००० । | |

| | | | |
|---|---|---|---|
| ३३ | प्राविधिक उपकरण खरिद | ३०००००। | |
| ३४ | लघुउद्यम साझेदारी विकास कार्यक्रम | २०००००। | |
| ३५ | सामाजिक सुरक्षा सुदृढीकरण कार्यक्रम | २४५०००। | |
| | जम्मा रु | ६९२९५०००। | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

निर्णय नं. ३ :- यसमा व्यापक छलफल गर्दा हिमा गाउँपालिका अन्तर्गत सेवा करारमा लिइएका सम्पूर्ण करार कर्मचारी हरूको कार्य सम्पादन हेरी म्याद थप गर्न वा नगर्न अन्य कर्मचारी थप्ने वा नथप्ने अधिकार गाउँपालिका अध्यक्षलाई प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ४ :- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद २ को दफा ४, को उपदफा २ र ३ मा व्यवस्था भए अनुरूप हिमा गाउँपालिका केन्द्र को लागी आवश्यक पर्ने जग्गाको क्षेत्रफल, भौतिक पूर्वाधार र अन्य विषयको न्यूनतम मापदण्ड र यस सभामा तत्काल कायम रहेका सदस्य संख्याको दुई तिहाई बहुमतले पारित गर्नुपर्ने कानुनी व्यवस्था भए बमोजिम, मिति २०७५ असार १२ गतेको बाह्रौं गाउँसभाका जम्मा ३८ जना अध्यक्ष समेत सहभागी भएको सभाका सदस्य मध्ये ३२ जना सदस्यहरूको गाउँपालिका केन्द्र कजगाउँ हुनुपर्छ भन्ने निर्णय र ६ जनाले हुन वा असमर्थन भन्ने निर्णय आएकोले हिमा १६ देखी ६ सम्मका सम्पूर्ण आम जनताहरूको पायक पर्ने स्थान हिमा गा.पा. वडा नं. ८ कजगाउँ भन्ने स्थानमा गाउँपालिका केन्द्र तोक्ने निर्णय दुइतिहाई मत भन्दा बढीले निर्णय पारित गरियो।

निर्णय नं. ५ :- यसमा छलफल गर्दा यस हिमा गाउँपालिकाको शैक्षिक गुणस्तर विकास र शैक्षिक व्यवस्थापनका लागी शिक्षा नीति २०७५/०७६ गाउँसभा बाट सर्वसहमतीले स्वीकृत गरियो।

निर्णय नं. ६ :- आ.व. ०७५/०७६ को नेपाल सरकार बाट प्राप्त वित्तिय समानीकरण अनुदान रकमको योजना, आयोजना तथा कार्यक्रममा रकम विनियोजन गर्दा सर्वसहमती बाट स्वीकृत गरियो।

क्रमशः →

निर्णय नं.....६..... आ.ब.२०७९।०८० को नेपाल सरकार बाट प्राप्त वित्तिय समानिकरण बजेट देहायको योजना तथा कार्यक्रममा रकम विनियोजन गरि सर्वसम्मतले स्वीकृत गरियो ।

| सि.नं | आयोजना तथा कार्यक्रमको नाम | ठेगाना | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | ७ वटै वडा कार्यालयहरुमा विभिन्न योजना आयोजना तथा कार्यक्रमहरु रु | हिमा १ - ७ | १ करोड ४० लाख | |
| २ | शिक्षा यूवा तथा खेलकुद विकास शाखा।हिमा आवाशिय विद्यालय | हिमा गाउँपालिका | २ करोड २० लाख | |
| ३ | समपुरक अनुदान | हिमा गाउँपालिका | १ करोड २५ लाख | |
| ४ | डि.पि.आर | हिमा गाउँपालिका | ३० लाख | |
| ५ | स्वास्थ्य शाखा | हिमा गाउँपालिका | ५० लाखं | |
| ६ | पशुपंक्षी विकास शाखा | हिमा गाउँपालिका | २० लाख | |
| ७ | कृषि विकास शाखा | हिमा गाउँपालिका | २० लाख | |
| ८ | न्यायिक समिति | हिमा गाउँपालिका | ३ लाख | |
| ९ | महिला तथा बालबालिका शाखा | हिमा गाउँपालिका | ८ लाख | |
| १० | विपद व्यवस्थापन | हिमा गाउँपालिका | ५ लाख | |
| ११ | ग्रिन रोड,ग्रिन रिभर कार्यक्रम | हिमा गाउँपालिका | ४० लाख | |
| १२ | निःशुल्क स्वास्थ्य विमा कार्यक्रम | हिमा गाउँपालिका | ४५ लाख | |
| १३ | नेपाल नेत्र ज्योति संघ शाखा स्थापना | हिमा गाउँपालिका | ७ लाख | |
| १४ | नेपाल स्काउट शाखा स्थापना | हिमा गाउँपालिका | ५० हजार | |
| १५ | नेपाल रेडक्रस सोसाईटी उपशाखा विस्तार | हिमा गाउँपालिका | १ लाख | |
| १६ | सृजनशिल, प्रतिभामान व्यक्तिहरलाई सम्मान कार्यक्रम | हिमा गाउँपालिका | ५ लाख | |
| १७ | गरिव, दलित, महिला, जेहन्दार विद्यार्थिहरुका लागि छात्रावृति कार्यक्रम | हिमा गाउँपालिका | ३ लाख | |
| १८ | तिनै वटा प्रहरी चौकि व्यवस्थापन | हिमा गाउँपालिका | १ लाख ५० हजार | |
| १९ | सुत्केरी महिलाहरुलाई उपाध्यक्ष कोशेली कार्यक्रम | हिमा गाउँपालिका | ५ लाख | |
| २० | जनता संग अध्यक्ष तथा अध्यक्ष संग रेडियो कार्यक्रम | हिमा गाउँपालिका | ५ लाख | |
| २१ | हिमा गा.पा. को आफ्नै स्थानीय एफ.एम स्थापना | हिमा गाउँपालिका | २५ लाख | |
| २२ | लोक देउडा, लोक सांस्कृति, परम्परा, रितिरिवाज सांस्कृति जगेर्ना सांस्कृतिक महोत्सव आयोजना | हिमा गाउँपालिका | १० लाख | |
| २३ | अध्यक्ष संग विधार्थि कार्यक्रम | हिमा गाउँपालिका | १० लाख | |
| २४ | वडा नं ६ मा WIFI Zone कार्यक्रम | वडा नं ६ | १० लाख | |
| २५ | सवारी साधान खरिद | हिमा गाउँपालिका | १ करोड ४० लाख | |

निर्णय नं.....६..... आ.व.२०७९।०८० को नेपाल सरकार बाट प्राप्त वित्तिय समानिकरण बजेट देहायका योजना तथा कार्यक्रममा रकम विनियोजन गरि सर्वसम्मतले स्वीकृत गरियो ।

| सि.नं | आयोजना तथा कार्यक्रमको नाम | ठेगाना | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | ७ वटै वडा कार्यालयहरुमा विभिन्न योजना आयोजना तथा कार्यक्रमहरु रु | हिमा १ - ७ | १ करोड ४० लाख | |
| २ | शिक्षा यूवा तथा खेलकुद विकास शाखा।हिमा आवाशिय विद्यालय | हिमा गाउँपालिका | २ करोड २० लाख | |
| ३ | समपुरक अनुदान | हिमा गाउँपालिका | १ करोड २५ लाख | |
| ४ | डि.पि.आर | हिमा गाउँपालिका | ३० लाख | |
| ५ | स्वास्थ्य शाखा | हिमा गाउँपालिका | ५० लाख | |
| ६ | पशुपंक्षी विकास शाखा | हिमा गाउँपालिका | २० लाख | |
| ७ | कृषि विकास शाखा | हिमा गाउँपालिका | २० लाख | |
| ८ | न्यायिक समिति | हिमा गाउँपालिका | ३ लाख | |
| ९ | महिला तथा वालवालिका शाखा | हिमा गाउँपालिका | ८ लाख | |
| १० | विपद व्यवस्थापन | हिमा गाउँपालिका | ५ लाख | |
| ११ | ग्रिन रोड,ग्रिन रिभर कार्यक्रम | हिमा गाउँपालिका | ४० लाख | |
| १२ | नि:शुल्क स्वास्थ्य विमा कार्यक्रम | हिमा गाउँपालिका | ४५ लाख | |
| १३ | नेपाल नेत्र ज्योति संघ शाखा स्थापना | हिमा गाउँपालिका | ७ लाख | |
| १४ | नेपाल स्काउट शाखा स्थापना | हिमा गाउँपालिका | ५० हजार | |
| १५ | नेपाल रेडक्रस सोसाईटी उपशाखा विस्तार | हिमा गाउँपालिका | १ लाख | |
| १६ | सृजनशिल, प्रतिभामान व्याक्तिहरलाई सम्मान कार्यक्रम | हिमा गाउँपालिका | ५ लाख | |
| १७ | गरिव, दलित, महिला, जेहन्दार विद्यार्थिहरुका लागि छात्रावृति कार्यक्रम | हिमा गाउँपालिका | ३ लाख | |
| १८ | तिनै वटा प्रहरी चौकि व्यवस्थापन | हिमा गाउँपालिका | १ लाख ५० हजार | |
| १९ | सुत्केरी महिलाहरुलाई उपाध्यक्ष कोशेली कार्यक्रम | हिमा गाउँपालिका | ५ लाख | |
| २० | जनता संग अध्यक्ष तथा अध्यक्ष संग रेडियो कार्यक्रम | हिमा गाउँपालिका | ५ लाख | |
| २१ | हिमा गा.पा. को आफ्नै स्थानीय एफ.एम स्थापना | हिमा गाउँपालिका | २५ लाख | |
| २२ | लोक देउडा, लोक सांस्कृति, परम्परा, रितिरिवाज सांस्कृति जगेर्ना सांस्कृतिक महोत्सव आयोजना | हिमा गाउँपालिका | १० लाख | |
| २३ | अध्यक्ष संग विधार्थि कार्यक्रम | हिमा गाउँपालिका | १० लाख | |
| २४ | वडा नं ६ मा WIFI Zone कार्यक्रम | वडा नं ६ | १० लाख | |
| २५ | सवारी साधान खरिद | हिमा गाउँपालिका | १ करोड ४० लाख | |

| | | | | |
|---|---|---|---|---|
| २६ | महिला,अपाङ्ग,वालवालिका, छाउपडी प्रथा छुवाछुत प्रथा, घरेलु हिंसा,लगायत वाल विवाह, बहुविवाह, अन्त्य गर्न जनचेतना मुलक कार्यक्रम | हिमा गाउँपालिका | ५ लाख | |
| २७ | दलित उत्थान जनचेतनामुलक कार्यक्रम | हिमा गाउँपालिका | ४ लाख [illegible] हजार | |